# मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०८०/०८१

## गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत कार्यक्रममा सहभागी हुन इच्छुक गृहिणी महिलाहरुले निवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/०१/१२)

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, हेटौंडाको मिति २०८०।११।०४ गते प्रकाशित सूचना अनुसार "गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८०" बमोजिम गृहिणी महिला सशक्तीकरण कार्यक्रमका लागि यस गाउँपालिका छनौट भएको एवं बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र मरिण गाउँ कार्यपालिकाको कार्यालय बीचमा द्विपक्षीय सम्झौता भई उक्त कार्यक्रम कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको तथा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडाको मिति २०८१।०१।०७ गते प्रकाशित सूचनाको आधारमा कार्यक्रमको प्रभावकारी कार्यान्वयानार्थ स्वीकृत कार्यविधि, बागमती प्रदेश सरकार सँग भएको सम्झौता तथा विनियोजित बजेटको परिधि भित्र रहि कार्यक्रम संचालन गर्न मरिण गाउँपालिकाको वडा नं. ०५ लाई छनौट गरी *"गृहिणी महिला गार्मेन्ट उद्योग संचालन सहयोग कार्यक्रम"* संचालन गर्ने निर्णय भएको हुँदा मरिण गाउँपालिका अन्तर्गत वडा नं. ०५ का उल्लिखित छनौटका आधारहरु पूरा गरेका इच्छुक गृहिणी महिलाहरुले वडा कार्यालयमा गई मिति २०८१।०१।२१ गते कार्यालय समय भित्र आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

➢ <u>गृहिणी महिला छनौटका आधारहरु:</u>

१. वडामा स्थायी बसोबास भएको,
२. अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,
३. २० बर्ष पूरा भई ५५ बर्ष उमेर ननाघेको,
४. विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक महिला,
५. शहिद परिवार, एकल महिला, द्वन्द्वपीडित र अपाङ्गता भएका महिला,
६. इच्छुक बेरोजगार र आर्थिक रुपले विपन्न महिला ।

२०८१/०१/१२
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत